# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश, बुटवल

**प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवा अन्तर्गतका देहायका सेवा समूहका अधिकृत सातौं तहका (अप्राविधिक/प्राविधिक) पदहरुमा जेष्ठता र कार्यसम्पादन मूल्याङकनद्धारा हुने बढुवाको सूचना।**

**सूचना नं १६३/०८२-०८३** **प्रकाशन मिति २०८२/०९/११**

प्रदेश निजामती सेवा ऐन, २०८० र स्थानीय निजामती सेवा ऐन, २०८१ बमोजिम देहायका पदहरुमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्धारा बढुवा गरिने भएकोले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित ढाँचाको दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८२/१०/१५ गते सम्म दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | बढुवा सूचना नं | पद | तह | सेवा/समुह | जेष्ठता र कार्यसम्पादन मूल्याङकनद्धारा हुने पद संख्या |
|---|---|---|---|---|---|
| १. | ८६/०८२-८३ | शाखा अधिकृत | सातौं | प्रदेश प्रशासन/सामान्य प्रशासन | ३ |
| २. | ८७/०८२-८३ | प्रशासकीय अधिकृत | सातौं | स्थानीय प्रशासन/सामान्य प्रशासन | ३ |
| ३. | ८८/०८२-८३ | लेखा अधिकृत | सातौं | प्रदेश प्रशासन/लेखा | १ |
| ४. | ८९/०८२-८३ | लेखा अधिकृत | सातौं | स्थानीय प्रशासन/लेखा | १ |
| ५. | ९०/०८२-८३ | जनस्वास्थ्य अधिकृत | सातौं | प्रदेश स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | १ |
| ६. | ९१/०८२-८३ | जनस्वास्थ्य अधिकृत | सातौं | स्थानीय स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | १ |
| ७. | ९२/०८२-८३ | मेडिकल ल्याब टेक्नोलोजिष्ट | सातौं | प्रदेश स्वास्थ्य/मेडिकल ल्याब टेक्नोलोजी/ जनरल मेडिकल ल्याब टेक्नोलोजी | १ |
| ८. | ९३/०८२-८३ | नर्सिङ अधिकृत | सातौं | प्रदेश स्वास्थ्य/ जनरल नर्सिङ | १ |
| ९. | ९४/०८२-८३ | इन्जिनियर | सातौं | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/ईरिगेशन | १ |
| १०. | ९५/०८२-८३ | इन्जिनियर | सातौं | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/जनरल | १ |
| ११. | ९६/०८२-८३ | इन्जिनियर | सातौं | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/स्यानीटरी | १ |
| १२. | ९७/०८२-८३ | इन्जिनियर | सातौं | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/बि. एण्ड आ. | १ |
| १३. | ९८/०८२-८३ | इन्जिनियर | सातौं | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | २ |
| १४. | ९९/०८२-८३ | पशु चिकित्सक | सातौं | स्थानीय कृषि/भेटेरिनरि | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| १५. | १००/०८२-८३ | कृषि प्रसार अधिकृत | सातौं | प्रदेश कृषि/कृषि प्रसार | १ |
| १६. | १०१/०८२-८३ | कृषि प्रसार अधिकृत | सातौं | स्थानीय कृषि/कृषि प्रसार | १ |
| १७. | १०२/०८२-८३ | बालि संरक्षण अधिकृत | सातौं | प्रदेश कृषि/बालि संरक्षण | १ |
| १८. | १०३/०८२-८३ | कृषि विकास अधिकृत | सातौं | स्थानीय कृषि/बागवानी, बालि संरक्षण र बाली विकास | १ |
| १९. | १०४/०८२-८३ | कृषि अर्थ विज्ञ | सातौं | प्रदेश कृषि/एगृ.इको.एण्ड मार्केटिङ्ग | १ |
| २०. | १०५/०८२-८३ | मत्स्य विकास अधिकृत | सातौं | प्रदेश कृषि/मत्स्य विकास | १ |
| २१. | १०६/०८२-८३ | वन अधिकृत | सातौं | प्रदेश वन/जनरल फरेष्ट्री | १ |
| २२. | १०७/०८२-८३ | शिक्षा अधिकृत | सातौं | प्रदेश शिक्षा/ शिक्षा प्रशासन | १ |
| २३. | १०८/०८२-८३ | शिक्षा अधिकृत | सातौं | स्थानीय शिक्षा/ शिक्षा प्रशासन र परीक्षण तथा मूल्याङ्कन | १ |

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको बेवसाइट www.ppsc.lumbini.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मिति भित्र आयोगको कार्यालयमा बुझाई सक्नुपर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाईनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा सूचित गरिन्छ।

**उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु**

१. प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२ तथा स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३४ बमोजिम बढुवाको लागि उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

२. जेष्ठताको गणना प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३६ र स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ४४ बमोजिम हुनेछ।

३. बढुवाको लागि प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३९ बमोजिमको योग्यता पुगेको र दफा १०१ बमोजिम नकारात्मक सूचीमा नपरेको हुनुपर्नेछ तथा स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ४७ बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

४. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) बाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

५. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

६. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ । दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्नेछ।

७. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्धारा हुने बढुवाको हकमा प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३९(१)(ग) तथा स्थानीय निजमती सेवा ऐन, २०८१ को दफा ४७ (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्नेछ।

८. बढुवा सम्बन्धी अन्य व्यवस्था प्रदेश निजामती सेवा ऐन, २०८० र प्रदेश निजामती सेवा नियमावली, २०८० तथा स्थानीय निजामती सेवा ऐन, २०८१ र स्थानीय निजामती सेवा नियमावली, २०८१ बमोजिम हुनेछ।

| | |
|---|---|
| **दरखास्त दस्तुर:** | रु. १०००/- (एक हजार रुपैयाँ) |
| **दरखास्त दस्तुर बुझाउने स्थान:** | राष्ट्रिय बाणिज्य बैंकमा रहेको एकल खाता कोषको खाता नं १०००१००२०००१०००० मा दस्तुर जम्मा गर्नुपर्नेछ। |
| **कार्यालय कोड:** | २१०००४८०१५ (प्रदेश लोकसेवा आयोग) |
| **राजस्व शिर्षक नं.** | १४२२४ |

**नोट:** जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्धारा हुने बढुवाको लागि राजस्व बुझाएको सक्कलै बैंक भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ।